# महान्यायाधिवक्ताको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५२

लालमोहर र प्रकाशन मिति

२०५२।११।३

**संशोधन गर्ने ऐन**

| | | |
|---|---|---|
| १. | महान्यायाधिवक्ताको पारिश्रमिक, सेवाको शर्त रसुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०५४ | २०५४।९।७ |
| | | **प्रमाणीकरण र प्रकाशन मिति** |
| २. | केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ | २०६३।६।२८ |
| ३. | लैङ्गिक समानता कायम गर्ने केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ | २०६३।७।१७ |
| ४. | गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६◆ | २०६६।१०।७ |
| ५. | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |

२०५२ सालको ऐन नं. १३

⏭ ..................

**महान्यायाधिवक्ताको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना** : महान्यायाधिवक्ताको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको चौबीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

---

◆ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोध गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "महान्यायाधिवक्ताको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५२" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा "महान्यायाधिवक्ता" भन्नाले ◎नेपालको संविधानको धारा १५७ को उपधारा (२) बमोजिम नियुक्त भएको नेपाल ⏭........... को महान्यायाधिवक्ता सम्झनु पर्छ ।

परिच्छेद–२

## पारिश्रमिक र सुविधा

३. **पारिश्रमिक :** (१) महान्यायाधिवक्तालाई अनुसूची–१ मा उल्लेख भए बमोजिमको पारिश्रमिक दिइनेछ ।

(२) महान्यायाधिवक्ताले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा वा निजको मृत्यु भएमा वा अरु कुनै कारणबाट निजले पदबाट अवकाश पाएमा निजलाई आफ्नो पदमा कायम रहेको दिनसम्म पाउने पारिश्रमिकको अतिरिक्त एक महिनाको थप पारिश्रमिक दिइनेछ ।

(३) उपदफा (२) बमोजिम महान्यायाधिवक्ताले पाउने पारिश्रमिक तथा थप पारिश्रमिक अवस्था अनुसार निजलाई वा निजले इच्छाएको व्यक्तिलाई दिइनेछ। महान्यायाधिवक्ताको मृत्यु भएमा निजले कसैलाई इच्छाएको रहेनछ वा इच्छाइएको व्यक्ति जीवित रहेनछ भने त्यस्तो पारिश्रमिक निजको नजीकको हकवालालाई दिइनेछ।

---

◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोध गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।



नेपाल कानून आयोग

४. **आवास सुविधा :** (१) महान्यायाधिवक्तालाई आवासको निमित्त नेपाल सरकारबाट सरकारी घरको बन्दोवस्त हुनेछ । त्यस्तो घरको बन्दोबस्त नभएकोमा वा काठमाडौं उपत्यकामा महान्यायाधिवक्ताको आफ्नो उपयुक्त घर नभई घर भाडामा लिनु परेमा निजलाई घरभाडा वापत प्रतिमास निजको मासिक पारिश्रमिकको आधा रकम दिइनेछ।

(२) आफ्नो घरमा बस्ने महान्यायाधिवक्तालाई घर मर्मत र सरसफाईको निमित्त अनुसूची–१ मा उल्लेख भए बमोजिमको रकम दिइनेछ।

(३) उपदफा (१) बमोजिम महान्यायाधिवक्तालाई नेपाल सरकारको तर्फबाट सरकारी घरको बन्दोबस्त भएमा त्यस्तो घरको मर्मत र सम्भार नेपाल सरकारले गर्नेछ।

(४) यस दफा बमोजिमको सुविधा महान्यायाधिवक्तालाई निजले आफ्नो पदबाट अवकाश पाएको मितिले सात दिनसम्म दिइनेछ।

५. **बिजुली, धारा र टेलिफोन सुविधा :** (१) महान्यायाधिवक्ताको आवासमा एक लाईन टेलिफोन जडान गर्न लाग्ने खर्च र धरौटी वापत लाग्ने रकम नेपाल सरकारले ब्यहोर्नेछ।

(२) बिजुली, धारा र टेलिफोन महसुल वापत महान्यायाधिवक्तालाई अनुसूची–१ मा उल्लेख भए बमोजिमको रकम दिइनेछ ।

६. **सवारी तथा इन्धन सुविधा :** (१) महान्यायाधिवक्तालाई ड्राइभर सहितको मोटर एक, मासिक एकसय पचास लिटर पेट्रोल र त्रैमासिक पाँच लिटर मोबिल उपलब्ध गराईनेछ।

(२) आफ्नो निजी मोटर प्रयोग गर्ने महान्यायाधिवक्तालाई ड्राइभरको निमित्त नेपाल सरकारको हलुका सवारी चालकको तलबमानको शुरु अङ्क बराबरको रकम तथा मासिक एकसय पचास लिटर पेट्रोल र त्रैमासिक पाँच लिटर मोबिल उपलब्ध गराइनेछ।

(३) उपदफा (१) बमोजिम उपलब्ध गराइएको मोटरको मर्मत र सम्भार तथा ग्रीजको बन्दोबस्त केन्द्रीय सेवा विभागबाट हुनेछ।

(४) महान्यायाधिवक्ताले प्रयोग गरेको मोटरको पेट्रोल र मोबिलको बिल भौचर बुझाउनु पर्ने छैन।

(५) महान्यायाधिवक्तालाई यस दफा बमोजिमको सुविधा निजले आफ्नो पदबाट अवकाश पाएको मितिले सात दिनसम्म दिइनेछ।

परिच्छेद–३

**दैनिक तथा भ्रमण भत्ता**

७. **दैनिक तथा भ्रमण भत्ता :** (१) महान्यायाधिवक्तालाई आफ्नो ओहदा सम्बन्धी काममा नेपाल ⏭........ भित्र भ्रमण गर्दा देहाय बमोजिम दैनिक तथा भ्रमण भत्ता दिइनेछ :–

(क) दैनिक भत्ताः अनुसूची–१ मा उल्लेख भए बमोजिमको रकम।

(ख) भ्रमण भत्ताः

(१) पैदल भ्रमण गर्दा अनुसूची–१ मा उल्लेख भए बमोजिमको रकम ।

(२) बसबाट भ्रमण गर्दा एकजनालाई लाग्ने भाडा।

(३) रेलबाट भ्रमण गर्दा एकजनालाई लाग्ने पहिलो दर्जाको टिकट खर्च।

(४) हवाईजहाजबाट भ्रमण गर्दा एकजनालाई लाग्ने टिकट खर्च।

(५) अन्य सवारीबाट भ्रमण गर्दा एकजनालाई लाग्ने भाडा।

(२) महान्यायाधिवक्तालाई आफ्नो ओहदा सम्बन्धी काममा वा नेपाल सरकारको तर्फबाट कुनै समारोह, उत्सव, अन्तर्राष्ट्रिय सम्मेलन, सेमिनार आदिमा भाग लिन नेपाल ⏭................ बाहिर भ्रमण गर्दा देहाय बमोजिम दैनिक तथा भ्रमण भत्ता दिइनेछ :–

(क) दैनिक भत्ता : अनुसूची–२ मा उल्लेख भए बमोजिमको रकम।

---

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।



नेपाल कानून आयोग

(ख) <u>भ्रमण भत्ता</u> :

(१) मोटरबाट भ्रमण गर्दा एकजनालाई लाग्ने बिल बमोजिमको मोटर भाडा।

(२) रेलबाट भ्रमण गर्दा एकजनालाई लाग्ने पहिलो दर्जाको टिकट खर्च।

(३) हवाई जहाजबाट भ्रमण गर्दा एकजनालाई लाग्ने बिजिनेश दर्जाको टिकट खर्च।

(४) जलमार्गबाट भ्रमण गर्दा एकजनालाई लाग्ने बिल बमोजिमको खर्च ।

(३) महान्यायाधिवक्ताले नेपाल ⏭............ बाहिर औपचारिक रुपमा विदेशी राष्ट्रहरुको अतिथिको रुपमा भ्रमणमा जाँदा त्यस्तो राष्ट्रमा रहुन्जेलसम्म उपदफा (२) को खण्ड (क) बमोजिम पाउने दैनिक भत्ताको आधाको दरले मात्र दैनिक भत्ता पाउनेछ।

८. **<u>भ्रमण सम्बन्धी अन्य व्यवस्था</u> :** (१) महान्यायाधिवक्ताले भ्रमणबाट फर्केको दिनको आधा दैनिक भत्ता पाउनेछ र त्यस्तो भत्ता फर्केको दिनको अघिल्लो दिन बसेको स्थानको लागि पाउने दैनिक भत्ताको आधा हुनेछ।

(२) भ्रमण भत्ताको भुक्तानीको निमित्त महान्यायाधिवक्ताले भ्रमणबाट फर्केको मितिले पैंतीस दिनभित्र भ्रमण बिल भरी कोष प्रमाण, लगबूक, भरपाई आदि आवश्यक प्रमाणहरु उपलब्ध गराउनु पर्नेछ।

९. **<u>बीमा खर्च तथा हवाई उडान कर :</u>** महान्यायाधिवक्तालाई आफ्नो ओहदा सम्बन्धी काममा वा नेपाल सरकारको तर्फबाट कुनै समारोह, उत्सव, अन्तर्राष्ट्रिय सम्मेलन, सेमिनार आदिमा भाग लिन हवाईजहाजबाट भ्रमण गर्दा तीन लाख रुपैयाँको बीमा खर्च र हवाई उडान कर वापत लाग्ने रकम दिइनेछ ।

---

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोध गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

९क. ✄..................

१०. **<u>लुगा भत्ता :</u>** (१) महान्यायाधिवक्तालाई आफ्नो ओहदा सम्बन्धी काममा वा नेपाल सरकारको तर्फबाट कुनै समारोह, उत्सव, अन्तर्राष्ट्रिय सम्मेलन, सेमिनार आदिमा भाग लिन नेपाल ⏭............ बाहिर जाँदा तीन वर्षमा एक पटक लुगा भत्ता वापत अनुसूची–१ मा उल्लेख भए बमोजिमको रकम दिइनेछ ।

(२) उपदफा (१) बमोजिम नेपाल ⏭........... बाहिर जाँदा महान्यायाधिवक्ताले आफ्नो श्रीमती ✚<u>वा श्रीमान्</u> समेत साथमा लैजाने स्वीकृति पाएमा ✪<u>श्रीमती वा श्रीमान्</u>को लागि तीन वर्षमा एकपटक आफ्नो एक महिनाको पारिश्रमिकको आधा रकम लुगा भत्ता वापत पाउनेछ।

११. **<u>नेता भत्ता :</u>** महान्यायाधिवक्ताले प्रतिनिधि मण्डलको नेताको रुपमा नेपाल ⏭........... बाहिर जाँदा आफूले पाउने दैनिक भत्ताको पच्चीस प्रतिशत थप रकम नेता भत्ता वापत पाउनेछ।

१२. **<u>भैपरी आउने खर्च :</u>** (१) महान्यायाधिवक्तालाई आफ्नो मातहत कार्यालयको निरीक्षण भ्रमणमा जाँदा खर्चको फाँटवारी बुझाउनु नपर्ने गरी वर्षको बढीमा दुई पटक एक हजार रुपैयाँका दरले भैपरी आउने खर्च दिइनेछ।

(२) महान्यायाधिवक्तालाई कुनै समारोह, उत्सव, अन्तर्राष्ट्रिय सम्मेलन, सेमिनार आदिमा भाग लिन नेपाल ⏭........... बाहिर जाँदा नेपाल सरकारले निर्णय गरे बमोजिम भैपरी आउने खर्च दिइनेछ।

---

✄ केही नेपाल कानू संशोधन गर्न ऐन, २०६३ द्वारा खारेज।

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोध गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

✚ लैङ्गिक समानता कायम गर्न केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा थप।

✪ लैङ्गिक समानता कायम गर्न केही नेपाल कानून संशोधनगर्ने ऐन, २०६३ द्वारा संशोधित।

**१३. ◎चाडपर्व खर्च :** महान्यायाधिवक्ताले प्रत्येक वर्ष ◎ चाडपर्व खर्च वापत आफूले खाईपाई आएको एक महिनाको पारिश्रमिक बराबरको रकम पाउनेछ।

Δ**१४. बिदा :** (१) महान्यायाधिवक्ताले देहाय बमोजिमका बिदाहरु पाउन सक्नेछः–

(क) पर्व बिदा र भैपरी आउने बिदा

(ख) घर बिदा

(ग) बिरामी बिदा

(घ) किरिया बिदा

(ङ) विशेष बिदा

(२) उपदफा (१) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमका बिदाहरु पूरा पारिश्रमिक सहित र खण्ड (ङ) बमोजिमको बिदा आधा पारिश्रमिक सहितको हुनेछ।

(३) महान्यायाधिवक्ताले प्रत्येक वर्ष भैपरी आउने बिदा छ दिन र पर्व बिदा छ दिन लिन पाउनेछ।

(४) महान्यायाधिवक्ताले काम गरेको अवधिको एघार दिनको एक दिनको दरले घर बिदा पाउनेछ । घर बिदा बढीमा एकसय पचास दिनसम्म सञ्चित गरी राख्न सकिनेछ। घर बिदाको प्रयोजनको निमित्त काम गरेको अवधि कायम गर्दा भैपरी आउने बिदा र पर्व बिदा बसेको दिन र सार्वजनिक बिदाको दिन समेत काम गरेको दिनमा जोडिनेछ।

(५) एकसय बीस दिनभन्दा बढी घर बिदा सञ्चित हुने महान्यायाधिवक्ताले सो बढी घर बिदामध्ये प्रत्येक वर्ष चैत्र मसान्तसम्म सञ्चित रहेको घर बिदामध्ये बढीमा तीस दिनसम्मको घर बिदा वापत निजले खाईपाई आएको पारिश्रमिकको दरले हुन आउने रकम सोही आर्थिक वर्षको अन्त्यसम्ममा एकमुष्ट लिन सक्नेछ।

---

◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित

Δ पहिलो संशोधनद्वारा संशोधित ।

(६) महान्यायाधिवक्ताले प्रत्येक वर्ष पन्ध्र दिनका दरले बिरामी बिदा पाउनेछ । त्यस्तो बिरामी बिदा जति पनि सञ्चित गरी राख्न सकिनेछ। कुनै कडा रोग लागि महान्यायाधिवक्ताले स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गरेमा बिरामी बिदा बाँकी नभए दुई महिनासम्म पारिश्रमिक सहितको र त्यस्तो पारिश्रमिक सहितको थप बिरामी बिदा लिईसकेपछि एक पटकमा थप चार महिनासम्म र सेवाको अवधिभरमा बाह्र महिनामा नबढ्ने गरी बिना पारिश्रमिकको बिरामी बिदा पाउन सक्नेछ।

तर त्यसरी पारिश्रमिक सहितको थप बिरामी बिदा लिँदा प्रत्येक दुई दिन थप बिरामी बिदा वापत एक दिनका दरले घर बिदा कट्टा गरिनेछ।

(७) महान्यायाधिवक्ता आफै किरिया बस्नु परेमा कुल धर्म हेरी बढीमा पन्ध्र दिनसम्म किरिया बिदा पाउनेछ।

(८) महान्यायाधिवक्ताले देहाय बमोजिम विशेष बिदा पाउन सक्नेछः–

(क) एक पटकमा एक महिनामा नबढाई, र

(ख) सेवाको अवधिभरमा जम्मा तीन महिनामा नबढाई ।

(९) संवैधानिक पदमा वा नेपाल सरकारको सेवामा रहेको कुनै व्यक्ति महान्यायाधिवक्ताको पदमा नियुक्त भएमा सो पदमा वा सेवामा रहँदाको निजको सञ्चित बिदा सम्बन्धी हक उपभोग गर्नबाट निजलाई बन्चित गरिने छैन।

(१०) महान्यायाधिवक्ताले आफ्नो पदबाट अवकाश पाएमा उपदफा (४) र (६) बमोजिम सञ्चित रहेको घर बिदा र बिरामी बिदा वापत निजको पदाधिकार रहेको पदबाट खाईपाई आएको पारिश्रमिकको दरले हुन आउने रकम एकमुष्ट लिन पाउनेछ ।

**१५. <u>बिदा दिने अधिकारी :</u>** (१) महान्यायाधिवक्ताले दफा १४ मा उल्लिखित बिदाहरुमध्ये पर्व बिदा र भैपरी आउने बिदा आफै लिन सक्नेछ र अन्य बिदा प्रधानमन्त्री Π........... बाट स्वीकृत गराउनु पर्नेछ।

Π केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा झिकिएको ।



नेपाल कानून आयोग

(२) महान्यायाधिवक्ताले उपदफा (१) बमोजिम लिएको बिदाको जानकारी ◎प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई दिनु पर्नेछ।

परिच्छेद–४

**उपचार खर्च, निवृत्तभरण र उपदान**

**१६. उपचार खर्च :** (१) महान्यायाधिवक्ताले आफू बिरामी भई उपचार गराउँदा देहाय बमोजिमको उपचार खर्च पाउनेछ :–

(क) अस्पतालमा भर्ना हुँदा र उपचार गराउँदा लागेको अस्पतालको बिल बमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेसक्रिप्सन बमोजिम खरिद गरेको औषधि खर्च।

तर चिकित्सकको प्रेसक्रिप्सनमा रोगको निदान (डाइग्नोसिस) गरिएको हुनुपर्छ ।

(ख) प्लाष्टिक सर्जरी बाहेक सबै किसिमको चिरफार (सर्जिकल अपरेशन) गर्दा लागेको बिल बमोजिमको खर्च ।

तर निजी नर्सिङ्ग होममा चिरफार गरेको खर्च भने दिइने छैन।

(ग) चश्मा, दाँत, एयरफोन आदि उपकरणको लागि नेपाल सरकारले तोकिदिएको रकममध्ये लागेको बिल बमोजिमको खर्च।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महान्यायाधिवक्ताले आफ्नो कार्यकाल भर पाउने उपचार खर्चको रकम निजले पाउने बाह्र महिनाको पारिश्रमिक बराबरको रकम भन्दा बढी हुने छैन।

◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित।

⊕(२क) महान्यायाधिवक्ताले आफ्नो सगोलको पति वा पत्नी, आमा, बाबु, छोरा वा छोरी बिरामी भएमा उपदफा (२) बमोजिम पाउने अधिकतम उपचार खर्चको रकमबाट कट्टा हुने गरी सो रकमको आधासम्म बिल बमोजिम भएको उपचार खर्चको नब्बे प्रतिशत रकम लिन पाउनेछ। त्यस्तो उपचार खर्चको माग गर्दा रोगको निदान (डाइग्नोसिस) गरिएको चिकित्सकको प्रमाणपत्र पेश गर्नु पर्नेछ।

तर यस उपदफा बमोजिम पाउने उपचार खर्च एकपटकमा महान्यायाधिवक्ताको एक महिनाको पारिश्रमिक भन्दा बढी हुने छैन।

⊕(२ख) महान्यायाधिवक्ताले आफ्नो सगोलको पति वा पत्नी, आमा, बाबु, छोरा वा छोरी बिरामी भई विदेशमा लगी उपचार गराउनु पर्दा वा स्वदेशकै अस्पतालमा भर्ना गराई शल्यक्रिया वा उपचार गराउनु पर्दा अस्पतालमा लागेको बिल बमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेसक्रिप्सन बमोजिम लागेको औषधि उपचार खर्चको नब्बे प्रतिशत रकम उपदफा (२) बमोजिम महान्यायाधिवक्ताले पाउने रकम मध्येबाट पाउनेछ।

⊕(२ग) उपदफा (२क) र (२ख) मा जुनसुकै कुरा लेखिएको भएतापनि महान्यायाधिवक्ताको सगोलको पति वा पत्नी, आमा वा बाबु, छोरा वा छोरी कुनै संवैधानिक पदमा वा सरकारी सेवामा वा सरकारी स्वामित्व वा नियन्त्रण भएको संस्थाको सेवामा बहालवाला कर्मचारी भएमा त्यस्तो उपचार खर्च दिइने छैन।

⊕(२घ) यस दफा बमोजिम उपचार खर्च माग गर्ने महान्यायाधिवक्ता कार्यालयमा उपस्थित हुन नसक्ने गरी बिरामी भएको अवस्थामा बिरामी बिदा बाँकी भएसम्म बिरामी बिदा नै माग गर्नु पर्नेछ । बिरामी बिदा नभएमा मात्र अन्य बिदा माग गर्न पाउनेछ।

---

⊕ पहिलो संशोधनद्वारा थप ।

⊕(२ङ) यस दफा बमोजिम महान्यायाधिवक्ताले पाएको उपचार खर्चको विवरण त्यस्तो महान्यायाधिवक्ताको बिदाको अभिलेख र व्यक्तिगत अभिलेखमा राखिनेछ।

(३) नेपाल सरकारद्वारा नियुक्त चिकित्सकहरुको समितिले महान्यायाधिवक्ताको नेपाल ⏭......... भित्र औषधि उपचार हुन नसक्ने भनी सिफारिस गरेमा र निजले विदेशमा गई उपचार गराउन चाहेमा नेपाल सरकारले महान्यायाधिवक्तालाई उपदफा (१) बमोजिम पाउने उपचार खर्चको अतिरिक्त नेपाल सरकारले उचित ठहऱ्याएको थप आर्थिक सहायता दिन सक्नेछ।

(४) महान्यायाधिवक्ताले सेवाबाट अलग हुँदा उपदफा (२) बमोजिम पाउने उपचार खर्चमध्ये केही लिई वा नलिई उपचार खर्च बाँकी रहेको भए त्यस्तो बाँकी भए जति रकमको दुई तिहाईको हिसाबले हुने एक मुष्ट रकम लिन पाउनेछ।

तर निवृत्तभरण पाउने गरी सेवाबाट अवकाश पाएको महान्यायाधिवक्ताले त्यस्तो बाँकी भए जति पूरै रकम एकमुष्ट लिन पाउनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि महान्यायाधिवक्ताको पदमा पाँच वर्ष सेवा नगरी सेवाबाट अलग हुने महान्यायाधिवक्तालाई उपचार खर्च दिंदा यस ऐन बमोजिम पाउने सम्पूर्ण उपचार खर्चको रकमलाई पाँच वर्ष सेवा गरे वापत पाउने रकम मानी दामासाहीले हुन आउने रकम मात्र दिइनेछ।

(६) यस दफा बमोजिम पाउने उपचार खर्च लिन नपाउँदै महान्यायाधिवक्ताको मृत्यु भएमा दफा १८ बमोजिम पारिवारिक निवृत्तभरण वा उपदान पाउने ठहरिएको व्यक्तिले सो उपचार खर्च लिन पाउनेछ।

१७. **<u>निवृत्तभरण र उपदान :</u>** (१) संवैधानिक पदमा वा नेपाल सरकारको सेवामा बहाल रहेको वा त्यस्तो सेवाबाट अवकाश प्राप्त व्यक्ति महान्यायाधिवक्ताको पदमा नियुक्त भई सेवाबाट

---

⊕ पहिलो संशोधनद्वारा थप।

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोध गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

अवकाश पाएमा निजले त्यसरी अघि गरेको सेवा अवधि र महान्यायाधिवक्ताको पदमा गरेको सेवा अवधि गणना गर्दा बीस वर्ष वा सो भन्दा बढी हुने रहेछ भने निजले आफ्नो मासिक पारिश्रमिकको दुई तिहाई रकम वा देहायको हिसाबले हुने मासिक निवृत्तभरणमध्ये कुनै एक रोज्न सक्नेछ :–

$$\frac{\text{जम्मा सेवा वर्ष x मासिक पारिश्रमिक}}{\text{५०}}$$

**<u>स्पष्टीकरण :</u>** यस खण्डको प्रयोजनको लागि "सरकारी सेवामा काम गरेको अवधि" भन्नाले नेपाल सरकारबाट निवृत्तभरण पाउन सक्ने कुनै पदमा नियुक्त भई काम गरेको अवधिलाई जनाउनेछ।

⊕(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि महान्यायाधिवक्ताको पदमा दस वर्ष सेवा अवधि पूरा गरिसकेको व्यक्ति सेवाबाट अवकाश भएमा निजले आफ्नो मासिक पारिश्रमिकको दुई तिहाई रकम मासिक निवृत्तभरण पाउनेछ।

(२) उपदफा (१) ⊕ <u>वा (१क)</u> बमोजिमको निवृत्तभरण पाउने सेवा अवधि पूरा नहुँदै सेवाबाट अवकाश प्राप्त गर्ने महान्यायाधिवक्तालाई निजले सेवा गरेको जम्मा वर्षलाई निजले अवकाश हुँदा खाईपाई आएको डेढ महिनाको पारिश्रमिकको अङ्कले गुणन गर्दा हुन आउने एकमुष्ट रकम उपदान दिइनेछ।

⊗....................

(३) संवैधानिक पदमा वा नेपाल सरकारको सेवा गरे वापत उपदान पाइसकेको कुनै व्यक्ति महान्यायाधिवक्ताको पदमा नियुक्त भएमा निजले त्यसरी नियुक्त भएको एक वर्षभित्र आफूले अघि पाएको उपदानको पूरै रकम फिर्ता गरेमा मात्र निजले अघि गरेको सेवा अवधि Δ<u>निवृत्तभरणको प्रयोजनको लागि जोडिनेछ</u> ।

---

⊕ पहिलो संशोधनद्वारा थप ।

⊗ पहिलो संशोधनद्वारा प्रतिबन्धात्मक वाक्यांश झिकिएको ।

Δ पहिलो संशोधनद्वारा संशोधित ।



नेपाल कानून आयोग

(४) यस दफा बमोजिम महान्यायाधिवक्ताले पाउने उपदानको रकम निजको बाह्र महिनाको पारिश्रमिक बराबरको रकम भन्दा बढी हुने छैन।

(५) महान्यायाधिवक्ताको पारिश्रमिक वृद्धि हुँदा Δपारिश्रमिक अङ्कमा जति बृद्धि भएको छ त्यसको दुई तिहाई रकम निवृत्तभरण पाइरहेको महान्यायाधिवक्ताको निवृत्तभरणको रकममा पनि थप गरिनेछ।

(६) संवैधानिक पदमा वा नेपाल सरकारको सेवा गरे वापत निवृत्तभरण पाईरहेको व्यक्ति महान्यायाधिवक्ताको पदमा नियुक्त भई यस ऐन बमोजिम पनि निवृत्तभरण पाउन सक्ने भएमा निजले अघि पाइरहेको निवृत्तभरण र यस ऐन बमोजिम पाउने निवृत्तभरणमध्ये कुनै एक रोज्न सक्नेछ।

Δ(७) उपदफा (१क) को प्रयोजनको लागि सेवा अवधि गणना गर्दा संवैधानिक पदमा वा सरकारी सेवाको पदमा वा सो दुवै पदमा काम गरेको कुल अवधिको आधा जोडी गणना गरिनेछ।

१८. **पारिवारिक निवृत्तभरण र उपदान :** (१) महान्यायाधिवक्ताले आफ्नो परिवारका सदस्यहरुमध्ये कसैलाई इच्छाएको भए त्यस्तो व्यक्तिलाई र त्यस्तो इच्छाइएको व्यक्तिको पनि मृत्यु भएमा वा कसैलाई पनि नइच्छाएकोमा निजको परिवारका सदस्यहरुमध्ये नजीकको हकवालालाई देहायका आधारमा दफा १७ बमोजिमको निवृत्तभरण दिइनेछ :–

(क) पदमा बहाल छँदै महान्यायाधिवक्ताको मृत्यु भएमा मृत्यु भएको मिति देखि सात वर्षसम्म,

(ख) दफा १७ बमोजिम निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा सो सातवर्ष पुग्न बाँकी अवधि सम्म।

Δ पहिलो संशोधनद्वारा संशोधित ।

(२) पदमा बहाल छदै महान्यायाधिवक्ताको मृत्यु भएमा र दफा १७ बमोजिम निवृत्तभरण पाउने नभई उपदान मात्र पाउने रहेछ भने सो उपदानको रकम निजको परिवारका सदस्यहरु मध्ये उपदफा (१) बमोजिमको व्यक्तिले पाउनेछ।

(३) उपदफा (१) बमोजिमको पारिवारिक निवृत्तभरण पाउने अवधि भुक्तान भइसके पछि मृत महान्यायाधिवक्ताको विधवा पत्नी वा विधुर पतिले जीवन भर त्यस्तो निवृत्तभरणको आधा रकम लिन पाउनेछ।

तर त्यस्तो व्यक्तिले आफूले गरेको सरकारी सेवा वापत निवृत्तभरण पाईरहेको भएमा यस उपदफा बमोमिजको निवृत्तभरण पाउने छैन।

⊕(४) महान्यायाधिवक्ताको पारिश्रमिक बृद्धि हुँदा पारिश्रमिकको अङ्कमा जति बृद्धि भएकोछ त्यसको दुई तिहाई रकम उपदफा (१) वा (३) बमोजिम पारिवारिक निवृत्तभरण पाइरहेको व्यक्तिले खाईपाई आएको पारिवारिक निवृत्तभरण रकममा पनि थप गरिनेछ।

परिच्छेद –५

**विविध**

१९. **सञ्चय कोष :** नेपाल सरकारले महान्यायाधिवक्ताको मासिक पारिश्रमिकबाट सयकडा दशका दरले सञ्चयकोष कट्टा गरी सो रकममा शत प्रतिशत रकम थप गरी सञ्चय कोषमा जम्मा गरी दिनेछ।

⊕**१९क. दैनिक तथा भ्रमण भत्ता पाउने :** महान्यायाधिवक्ताको पदमा तीन वर्ष काम गरिसकेको महान्यायाधिवक्ताले आफूले पकाएको घर बिदामा आफ्नो घर जाँदा र घरबाट फर्कदा वर्षको एक पटक यो ऐन बमोजिम पाउने दैनिक तथा भ्रमण भत्ताको आधाको दरले दैनिक तथा भ्रमण भत्ता पाउनेछ।

⊕ पहिलो संशोधनद्वारा थप ।

तर परिवारका सदस्यले दैनिक तथा भ्रमण भत्ता पाउने छैन।

⊕१९ख. **बाटोको म्याद :** महान्यायाधिवक्ताले घर बिदामा घर जाँदा र घर बिदा भुक्तान गरी घरबाट आफ्नो कार्यालयमा हाजिर हुन आउँदा वर्षको एकपटक पैदलको बाटोलाई आठकोसको निमित्त एक दिनको दरले तथा मोटर, रेल, हवाईजहाजको बाटोलाई जति दिन लाग्ने हो त्यति दिन बाटो म्याद पाउनेछ।

तर घर बिदामा घर नगई अन्यत्र जान वा बस्नको निमित्त बाटोको म्याद दिइने छैन । बाटो म्याद दिँदा सबैभन्दा छिटो साधनद्वारा सबैभन्दा छोटो बाटोको दिइनेछ र जाँदा आउँदा वास्तविक दिनभन्दा बढी दिइने छैन ।

२०. **पारिश्रमिक तथा अन्य सुविधामा थप :** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर गरी यस ऐन बमोजिम महान्यायाधिवक्ताले पाउने पारिश्रमिक तथा सुविधामा थप गर्न सक्नेछ।

∉२१. **शपथ ग्रहण :** महान्यायाधिवक्ताले आफ्नो पदको कार्यभार सम्हाल्नु अघि प्रधानन्यायाधीश समक्ष अनुसूची–२क बमोजिमको पद तथा गोपनीयताको शपथ गर्नु पर्नेछ।

२२. **खारेजी र बचाउ** : (१) महान्यायाधिवक्ता (सेवा शर्त) नियमावली, २०२० खारेज गरिएकोछ।

(२) नेपाल अधिराज्यको संविधान, २०४७ प्रारम्भ हुनु अघि महान्यायाधिवक्ताको पदमा नियुक्त भई महान्यायाधिवक्ता (सेवा शर्त) नियमावली, २०२० बमोजिम पाइरहेको निवृत्तभरण सुविधा यसै ऐन बमोजिम पाएको मानिनेछ।

(३) यो ऐन प्रारम्भ हुनु अघि महान्यायाधिवक्ताले प्राप्त गरेको पारिश्रमिक तथा सुविधा यसै ऐन बमोजिम पाएको मानिनेछ।

⊕ पहिलो संशोधनद्वारा थप ।

∉ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोध गर्ने ऐन, २०६६ द्वारा संशोधित ।

## अनुसूची–१

(दफा ३, ४, ५, ७ र १० सँग सम्बन्धित)

**महान्यायाधिवक्ताले पाउने पारिश्रमिक, सुविधा तथा भत्ता**

| क्र.सं. | पारिश्रमिक, सुविधा तथा भत्ताको किसिम | पारिश्रमिक, सुविधा तथा भत्ताको दर |
|---|---|---|
| 🗁●१. | पारिश्रमिक | प्रति महिना रु. ४४,३३०।– र विशेष भत्ता प्रति महिना रु. १०००।– |
| २. | घर मर्मत र सरसफाइ सुविधा | प्रति महिना रु. १,५००।– |
| ३. | बिजुली, धारा र टेलिफोन सुविधा | प्रति महिना रु. १,२००।– |
| ४. | दैनिक भत्ता | प्रति दिन रु. १६५।– |
| ५. | भ्रमण भत्ता | प्रति कोस रु. २५।– |
| ■६. | लुगा भत्ता | रु. ७,०००।– |

नेपाल कानून आयोग

---

🗁 नेपाल राजपत्रमा मिति २०७०।५।१० मा प्रकाशित सूचना अनुसार मिति २०७०।४।१ देखि लागु हुने गरी हेरफेर गरेको।

● नेपाल सरकार (म.प.) को मिति २०७६।५।४ को निर्णयानुसार मिति २०७६।४।१ देखि लागु हुने गरी पारिश्रमिक रु. ७१,९५०।- तोकिएको।

■ नेपाल राजपत्रमा मिति २०५७।४।१ मा प्रकाशित सूचना अनुसार सोही मितिदेखि लागु हुने गरी हेरफेर गरेको।

■अनुसूची–२

(दफा ७ को उपदफा (२) को खण्ड (क) सँग सम्बन्धित)

**महान्यायाधिवक्ताले विदेश भ्रमण गर्दा पाउने दैनिक भत्ता**

| | |
|---|---|
| सार्क मुलुक | अमेरिकी डलर १०० |
| अन्य मुलुक | अमेरिकी डलर १२५ |

नेपाल कानून आयोग

■ नेपाल राजपत्रमा मिति २०५७।४।१ मा प्रकाशित सूचना अनुसार मिति २०५७ सला साउन १ देखि लागु हुने गरी हेरफेर गरेको ।

## ➔अनुसूची–२क.

(दफा २१ सँग सम्बन्धित)

**शपथ**

म ... ... ... मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु / ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा रहेको ◎नेपालको संविधान, प्रति पूर्ण वफादार रहँदै महान्यायाधिवक्ता पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताइ, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारिताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

...............

मिति : हस्ताक्षर

➔ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा थप ।

◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।



नेपाल कानून आयोग

## ×अनुसूची–३

नेपाल कानून आयोग

× केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा खारेज ।

**द्रष्टव्यः**- केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएको शब्दहरुः—
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।